DOI : https://doi.org/10.3126/kaladarpan.v4i1.62831

# उसको कथा कथामा लैङ्गिकता

## Gender in his fiction

**माया घिमिरे**
उपप्राध्यापक, राममणि बहुमुखी क्याम्पस, रूपन्देही
नेपाली विभाग
Email: ghimiremaya26@gmail.com

**सार**ः *प्रस्तुत लेख लैङ्गिकताको सिद्धान्तका आधारमा उसको कथा कथाको विश्लेषणमा केन्द्रित छ । लैङ्गिकता महिला र पुरुषलाई समाजले निर्धारण गरेको भूमिकासँग सम्बन्धित अवधारणा हो । लैङ्गिकताको अध्ययन लैङ्गिक समालोचनाका पितृसत्ता, प्रभुत्व, शक्तिसम्बन्ध, नारीवाद, लैङ्गिक प्रतिनिधित्व, लैङ्गिक पहिचान,लैङ्गिक भेद, लैङ्गिक दमन, लैङ्गिक हिंसा, लैङ्गिक उत्पीडन, लैङ्गिक प्रतिरोधजस्ता प्रतिमानका आधारमा गर्न सकिन्छ तापनि यस लेखमा पितृसत्ता, नारीवाद, प्रतिनिधित्व र पहिचानको सैद्धान्तिक स्वरूपका आधारमा उसको कथा कथाको सोदाहरण विश्लेषण गरी निष्कर्षात्मक मूल्याङ्कनसमेत प्राप्त भएको छ । यो लेख उसको कथा कथामा 'ऊ' पात्र पितृसत्ता र त्यसका संस्थाद्वारा नारी हुनाकै कारण लैङ्गिक भेद, हिंसा, दमन, शोषण र उत्पीडनमा परी किनारीकृत भई अधिकारबाट वञ्चित भएको संवेदनशील अवस्थाको विश्लेषणमा केन्द्रित छ । यस लेखमा मूल समस्या र शोध्यप्रश्न समाधानको लागि पाठविश्लेषणमा आधारित गुणात्मक पद्धतिको उपयोग भएको छ । लेखले नारीलाई कागजी सम्मान होइन, व्यावहारिक सम्मानको खाँचो छ भन्नेतर्फ सङ्केत गरेको छ । कृतिकेन्द्रित विश्लेषणमा आधारित यस लेखमा पितृसत्तात्मक समाज व्यवस्थाका कारण कथाकी मुख्य नारी पात्र 'ऊ' शारीरिक र मानसिक उत्पीडनमा परेको पुष्टि गरी लेखकीय विचारधारा लैङ्गिक समता र समानतातर्फ अभिमुख रहेको निष्कर्ष रहेको छ ।*

**शब्दकुञ्जी** : पितृसत्ता, नारीवाद, लैङ्गिक भेद, उत्पीडन, प्रतिनिधित्व ।

**Abstract :** This article named " Usako katha kathama laingikata " focuses on the analysis of his story based on the theory of gender. Gender is a concept related to the roles assigned to men and women by society. The study of gender can be done based on the paradigms of patriarchy, dominance, power relations, hegemony,feminism, gender representation, gender identity, gender discrimination, gender oppression, gender violence, gender resistance, etc. This article emphasizes on the analysis of the sensitive situation in which the character 'she' in her story is marginalized,dominated and deprived of rights due to gender discrimination, violence, suppression, exploitation and oppression due to patriarchy and its institutions. In this article, a qualitative method based on sentential analysis has been used to solve the main problem and research question. The article circulates that women need practical respect, not paper respect. In this article based on the work-centered analysis, due to the patriarchal social system, the main female character of the story 'She' is being puppet of the male and patriarchy . It is concluded that the author's ideology is oriented towards gender equality and equity by confirming that the main female character of the story "She" is subjected to physical and mental oppression.
Keywords: patriarchy, feminism, gender discrimination, oppression, representation.

**विषयपरिच**

प्रस्तुत लेख 'उसको कथा' कथामा लैङ्गिकताको विश्लेषणसम्बद्ध छ । विक्रम सम्वत् २०२६ सालमा ' पार्वती' शीर्षकको कथा लेखी नेपाली कथामा प्रवेश गरेकी माया ठकुरीका हालसम्म*नजुरेको जोडी* (२०३०), *गम( लाको फूल* (२०३३), *साँघु तरेपछि* (२०३९), *चौतारो साक्षी छ* (२०४६), *माया ठकुरीका कथाहरू* (२०४८), *आमा जानुहोस्* (२०६४)*प्रियंवदा* (२०६९) कथासङ्ग्रह प्रकाशित छन् । उनका कथामा परम्परित सामन्तवादी कुसंस्कार र पितृसत्ताका कारण नेपाली नारी वर्गले भोग्नुपरेका लैङ्गिकभेद, कुण्ठा,उत्पीडन, पीडा, पारिवारिक कलह, विघटन, शोषण, दमन, हत्या, हिँसाजस्ता मानवीय संवेदनशील पक्ष अभिव्यक्त भएका छन् । 'उसको कथा' 'गरिमा' वर्ष १ अङ्क ८, २०४० मा प्रथमपटक प्रकाशित भई *चौतारो साक्षी छ* (२०४६) कथा सङ्ग्रहमा सङ्गृहीत छ । यस कथामा पुरुष प्रताडित नारीका भोगाइ, अनुभूति र सामाजिक विसङ्गतिका बिम्बहरू अभिव्यक्त भएका छन् । यसका साथै कथामा नेपाली समाजमा विद्यमान गरिबी, अशिक्षा र पितृसत्तात्मक सामन्तवादी व्यवस्थाका कारण नारी पात्रले भोग्नुपरेका हिंसा, दमन, विभेद, शोषण र वञ्चितीकरणलाई यथार्थ रूपमा प्रस्तुत भएको छ । 'ऊ' पात्रका कारुणिक जीवनका अनेक पक्षको कारक पितृसत्तात्मक समाजव्यवस्था तथा त्यसका कारण उत्पन्न लैङ्गिक भेद र उत्पीडन नै रहेको हुनाले 'उसको कथा' कथा लैङ्गिकताका आधारमा विश्लेषणीय रहेको छ । पुरुषप्रधान नेपाली समाजमा पितृसत्ताले निर्माण गरेको शक्ति र सङ्कथनक कारण 'ऊ' पात्र थिचिएर, मिचिएर, किचिएर र परम्परित बन्धनले बाँधिएर पहिचानहीन अवस्थामा जीवनयापन गरेकी छ । कथामा पुरुष पात्रले हरेक कुरामा छुट पाउने सामन्तवादी व्यवस्थाका कारण नारी पात्र उत्पीडित भएकी छ । पितृसत्ताको प्रभुत्वका कारण पुरुष पात्र दमक, पीडक र हिंम्रक बनेको छ ।

माया ठकुरीका कथाहरू लैङ्गिक अध्ययनका सबै प्रतिमानका आधारमा अध्ययनीय छन् । उनका कथा र कथाकारिताका विषयमा स्वतन्त्र र शोधमूलक अध्ययन अनुसन्धान पर्याप्त भएका छन् । जसमध्ये देवीप्रसाद गौतम र कृष्णप्रसाद घिमिरे (२०६८) ले*नेपाली कथा भाग ३* माया ठकुरीको 'उसको कथा' कथामा पितृसत्ताका कारण आफ्नो अधिकारबाट 'ऊ' पात्र जीवनभोगाइका क्रममा लैङ्गिक विभेदमा परी उपेक्षित भई अधिकारबाट समेत बञ्चित भएको कुरा उल्लेख गर्दै कथालाई नारीवादी दृष्टिकोणबाट अध्ययन गर्न सकिने सङ्केत गरेका छन् । भगवती पाण्डे (२०६७) ले 'माया ठकुरीका कथामा प्रयुक्त नारी पात्रको अध्ययन' शीर्षकको स्नातकोत्तर शोधमा उनका कथाका नारी पात्रको विश्लेषण नारी पात्रहरू परम्परित सामाजिक सांस्कृतिक विभेदका कारण अन्याय, अत्याचार र शोषणमा परी दबिएका, आर्थिक विपन्नताको समस्याले जेलिएका,  घरपरिवार र पतिबाट त्यागिएका, मातृत्व र ममत्वको भूमिका निर्वाह गर्दा सङ्घर्षका पर्याय बनेका नारीका अन्तर्मनमा व्यथा, वेदना, दमनर उत्पीडनको उत्खनन भएको अवधारणा प्रस्तुत भएको छ । लक्ष्मण गौतम र ज्ञानु अधिकारी (२०६९) ले 'नेपाली कथाको इतिहास' पुस्तकमा माया ठकुरीका अधिकांश कथाहरू नारी समस्यामा केन्द्रित रहेको बताउँदै ठकुरीका धैरैजसो कथामा पुरुष प्रताडित नारीकाभोगाइ, अनुभूति र सामाजिक विसङ्गतिका अनेकौं बिम्बहरू अभिव्यक्त भएको कुरा उल्लेख गर्दै नारी समवेदनालाई केन्द्रमा राखी सिर्जना गरिएका उनका उज्यालोतिर, देवता, उसको कथा, नलिनीजस्ता कथामा नारीमाथि हुने शोषण, दमन र उत्पीडनको चित्रण भएको अवधारणा उल्लेख गरेका छन् । हरिप्रसाद शर्मा (२०६७) ले *कथाको सिद्धान्त र विवेचना* पुस्तकमा ' नारी कथाकारको उदय र योगदान' शीर्षकमा कथाकार ठकुरीलाई सामाजिक यथार्थवादी कथा लेखनमा रुचि राख्दै नारीसमस्या, मनोदशा, प्रतिष्ठा र नारीको करुण कथालाई अभिव्यक्त गर्ने कथाकारका रूपमा चिनाएका छन् भने दयार ाम श्रेष्ठ (२०७५) ले *प्रज्ञा आधुनिक नेपाली कथा कोश* मा माया ठकुरीलाई नेपाली कथाको नवचेतनाको युगकी पुरुषप्रधान समाजमा नारीमाथि हुने हिँसा, हत्या, विभेद, अन्याय, अत्याचार, शोषण र दमनको चित्रण गर्दै पितृसत्ताका विरूद्ध आवाज उठाउने सशक्त श्रष्टाका रूपमा चिनाएका छन् । नारीका अन्तर्मनका व्यथा, वेदना र कुण्ठाको खुलासा

गरिएका यी पूर्वाध्यायनले ठकुरीको 'उसको कथा' कथामा लैङ्गिक भेद, हिंसा, दमन, उत्पीडन छ भन्ने सङ्केत गरी अध्ययनको रिक्ततालाई पुष्टि गर्दै पाठ विश्लेषणका आधार तयार गर्न मार्ग निर्देश गरेका छन् । यस अध्ययनका लागि आवश्यक सैद्धान्तिक पूर्वकार्यका रूपमा जुडिथ लर्नर, जुडिथ बटलर, क्रिस बार्कर, ओक्ले आन, रमेशप्रसाद भट्टराई, अमर गिरी, सञ्जीव उप्रेती, ताराकान्त पाण्डे ,ज्ञानु पाण्डेका लैङ्गिकता विषयक अध्ययनलाई उपयोग गरिएको छ ।

माया ठकुरीको 'उसको कथा'कथामा पितृसत्ता र परम्परित सामन्तवादी कुसंस्कारका कारण नेपाली नारी वर्गले भोग्नुपरेका लैङ्गिक भेद, कुण्ठा, उत्पीडन, पारिवारिक कलह, विघटन, शोषण, दमन, हत्या, हिंसाजस्ता मनावीय संवेदनशील पक्ष अभिव्यक्त भएका छन् । यस लेखमा 'उसको कथा' कथामा लैङ्गिकता मूल समस्याका रूपमा रहेको छ । यस मूल समस्यासँग सम्बन्धित भएर आउने शोध्य प्रश्नहरू यसप्रकार रहेका छन् :

(क) 'उसको कथा' कथामा पितृसत्ताको अवस्था के कस्तो छ?

(ख) 'उसको कथा' कथामा नारीवादलाई कसरी प्रस्तुत गएिको छ ?

(ग) 'उसको कथा'कथामा लैङ्गिक प्रतिनिधित्व र पहिचानलाई किन प्रस्तुत गरिएको छ ?

प्रस्तुत लेख 'उसको कथा' कथामा लैङ्गिक अध्ययनको विश्लेषण र अर्थापन गर्ने समाधानमा केन्द्रित छ । यो लेख सांस्कृतिक अध्ययन अन्तर्गतको लैङ्गिक अध्ययनका साथै तद्विषयक प्रायोगिक पक्षको प्राज्ञिक औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित छ ।

**अध्ययनविधि**

प्रस्तुत लेखमा समस्याकथनसँग सम्बन्धितशोध्य प्रश्नहरूको समाधानका लागि प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोतको उपयोग भएको छ । प्राथमिक स्रोतका रूपमा माया ठकुरीद्वारा रचित 'उसको कथा' कथालाई आधार सामग्रीका रूपमा लिएको छ भने द्वितीयक स्रोत अन्तर्गत यस अध्ययनसँग सम्बन्धित सैद्धान्तिक पर्याधारका लागि आवश्यक पुस्तक, शोध तथा अनुसन्धानात्मक लेख, रचना तथा इन्टरनेटबाट प्राप्त सामग्रीलाई उपयोग भएको छ । यस अध्ययनमा पाठ विश्लेषणको लागि मूलतः गुणात्मक अनुसन्धान ढाँचाको उपयोग भएको छ । त्यसैगरी यस लेखमा आवश्यकताका आधारमा वर्णनात्मक र विश्लेषणात्मक विधिको पनि प्रयोग गरिएको छ । लेखमा लैङ्गिक अध्ययनसँग सम्बन्धित चिन्तन, मान्यता र कथारचनाको पृष्ठभूमिको सन्दर्भ आवश्यकता अनुसार प्रयोग भएको छ ।

**सैद्धान्तिक आधार**

सामान्यतः लैङ्गिकता भन्नाले महिला र पुरूषको शारीरिक भूमिका तथा विशेषताको सट्टा सामाजिक तथा सांस्कृतिक भूमिका र विशेषता जनाउने शब्द हो । यसले सांस्कृतिक अध्ययनका क्रममा साहित्यलाई पाठका रूपमा लिंदै लैङ्गिक अवस्था र शक्तिसम्बन्धको खोजी गरी परिधीय शक्तिको पहिचान गराउँछ। लैङ्गिक अध्ययनले लिङ्गको सामाजिक, सांस्कृतिक र मानसिक निर्मितिका आधारमा समाजमा महिला र पुरुषको भूमिकाको अध्ययन गर्दछ (भट्टराई,२०७७,पृ.१२०) । शारीरिक बनावटको भिन्नताको आधारमा महिला र पुरुषले गर्ने कामको बाँडफाड,उनीहरू बीचको शक्तिसम्बन्ध र सामाजिक, सांस्कृतिक मान्यता नै लैङ्गिकता हो । यो मान्छेसित उसको जन्मदेखि नै टाँसिएर आउने कुरा होइन, उसको धारणामा पछि विकसित हुने कुरा हो । यो समाजको बुझाइ र मान्यतामा भर पर्ने कुरा हो (पाण्डे,२०६९,पृ.९) लैङ्गिक अध्ययन लिङ्ग र लैङ्गिकतासँग सम्बन्धित छ। लिङ्ग जीववैज्ञानिक र प्राकृतिक हुन्छ। यो आनुवंशिक, सार्वजनिक र स्थायी हुन्छ भने लैङ्गिकता सामाजिक, सांस्कृतिक र मानसिक निर्मिति हो । यसमा महिला र पुरुषले गर्ने कामका आधारमा उनीहरूको भूमिकाको अध्ययन गरिन्छ । यसले सामाजिक सत्तामा उनीहरूको उपस्थितिलाई पनि हेर्छ । यो समाज र संस्कारले निर्माण गर्ने कुरा हुनाले परिवर्तशील हुन्छ । लैङ्गिकता भनेको समाज

र संस्कृतिबाट निर्मित पुरुष र महिलाबीचको सामाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक तथा मनोवैज्ञानिक भूमिका र उनीहरुको अवस्था हो (खनाल,२०७१,पृ.१) । यो निर्मिति हुनाले यो समय, समाज, संस्कार, स्थान र परिवेश अनुसार फरक हुन्छ । यो सामाजिक विज्ञानमा देखा परेको नयाँ विषय हो । लैङ्गिक अध्ययन महिला र पुरुषभिन्न पहिचानका साथै सामाजिक, सांस्कृतिक निर्मिति र सामाजिक व्यवहारका रूपमा रहेका लैङ्गिक मान्यता, विश्वास र सामाजिक संरचनाले निर्माण गरेको ज्ञानको प्रसारण र उपभोगका क्रममा हुने शोषणको अवस्थालाई अध्ययन गर्ने पद्धतिका रूपमा विकसित मान्यता हो । लिङ्गले महिला तथा पुरूषको जीववैज्ञानिक भिन्नतालाई बुझाउँछ भने लैङ्गिकताले नारीत्व र पुरूषत्वलाई बुझाउँछ (ओक्ले, सन् १९८५,पृ.१६) । यो सामाजिक, सांस्कृतिक परिवेश अनुसार भिन्न हुन्छ । लैङ्गिक अध्ययन अन्तरअनुशासनात्मक विषयका रुपमा स्थापित त्यस्तो अध्ययन पद्धति हो जसमा शारीरिक भिन्नताका आधार मा समाज र संस्कारले निर्धारण गरेको भूमिका, शक्तिसम्बन्ध, विभेदको निर्मितिका आधारमा नारी पुरूषको भूमिकाको अध्ययन गर्दछ (बटलर एण्ड विड ,सन् २०११,पृ.१-८) । यसले समाज र संस्कारले महिला र पुरुषलाई समाजका हरेक क्षेत्रमा दिलाउने पहिचान, जिम्मेवारी र भूमिकाको अध्ययन गर्छ । यसका साथै महिला र पुरूषको सामाजिक, सांस्कृतिक,आर्थिक, राजनितिक, शैक्षिक अवस्थास्थिति आदिको अध्ययन गर्दछ । बेल हुक्स सेगेल, इभान्स, नायोमी उल्फजस्ता नारीवादी चिन्तकहरूले पुँजीवादी समाज व्यवस्थाका कारण महिलाहरूको पहिचान र प्रतिनिधित्व कम भएकाले त्यसलाई पहिचानको राजनीतिसँग समन्वय गर्दै लैङ्गिक समता र समानताको विषयलाई जोड दिएका छन् (पिल्चर एण्ड ह्वेलहान,सन् २००४,पृ.७२-७५) । क्रिस बार्कररले लैङ्गिक समालोचनालाई चिनाउने क्रममा महिला, पुरुष, महिलापन, पुरुषपन, यौनजन्य चरित्र र पहिचानको अध्ययनलाई लैङ्गिकताको क्षेत्रका रूपमा विमर्श गरेका छन् । विमर्शका क्रममा उनले महिला र पुरुष समलिङ्गीको प्रतिनिधित्व र पहिचानका बारेमा उल्लेख गर्दै समयौनिकतालाई लैङ्गिक समालोचनामा महत्त्व दिइनुपर्ने धारणा अभिव्यक्त गरेका छन् (बार्कर,सन् २००३,पृ.१४२) । नारीवादबाट विकसित तथा अनुप्राणित लैङ्गिक अध्ययनले सन् १९८० पछि पुरुषत्व, नारीत्व, तेस्रोलिङ्गी सबैको अध्ययन गर्न थालेपछि यसको क्षेत्र फराकिलो भएको हो ।

**सामग्रीविश्लेषण :प्राप्ति र छलफल**

लैङ्गिक हिंसा, भेद, दमन, शोषण,उत्पीडनजस्ता समस्यामा केन्द्रित ‘उसको कथा’ कथालाई लैङ्गिकताका दृष्टिले विश्लेषण गर्दा पितृसत्ता, नारीवाद, प्रतिनिधित्व र पहिचानका आधारमा कथा रचनाको सन्दर्भलाई समेत आधार मानेर निम्नलिखित ढाँचामा विश्लेषण गरिएको छ ः

**पितृसत्ता**

पुरुषप्रधान शासन व्यवस्थालाई पितृसत्ता भनिन्छ । पितृसत्तामा परिवारका सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरुषको अधीनमा रहने व्यवस्था रहेको हुन्छ । “पितृसत्ता समाज व्यवस्थाको एउटा त्यस्तो ढाँचा हो जसमा सम्पूर्ण सदस्यहरू पिता वा कुनै पुरुष मुखियाको अधीनमा रहन्छन्” (पाण्डे,२०६९, पृ.९) । पितृसत्तात्मक समाजमा परिवार, धम, कानुन, शिक्षा, राजनीति, सञ्चार जस्ता संस्थाहरूले पुरुष वर्चस्वलाई केन्द्रमा राखेका हुन्छन् । त्यसैले पितृसत्ता पुरुषकै हितमा पुरुषद्वारा रचित सामाजिक संरचनाको रूप हो । पितृसत्तामा पारिवारिक संरचनादेखि सबै प्रकारका साम( ाजिक संरचनामा पुरुषको अधीनतालाई स्वीकार गरिएको हुन्छ । यसमा पुरुष शक्तिशाली, स्वतन्त्र र निर्णायक तहमा रहेको हुन्छ भने महिलालाई विभेद, शोषण, दमन, हिंसा जस्ता उपकरणको प्रयोग गरी शक्तिहीन बनाई किनारीकृत गरि एको हुन्छ । यस पद्धतिमा महिला पुरुषबाट मात्र होइन महिलाबाट पनि उत्पीडित, उपेक्षित र तिरष्कृत बनेका हुन्छन् । पितृसत्तामा परिवार लगायत यसका सबै संस्थामा पुरुषलाई बढी शक्ति र अधिकार प्रदान गरिएको हन्छ । धर्म,संस्कृति,

शिक्षा, मनोरञ्जन तथा पारिवारिक कार्यहरूमा सक्रियता र निर्णय गर्ने भूमिका पुरुषकै रहने गर्छ । "पितृसत्तामा महिलाको उत्पादन तथा श्रमशक्ति, यौनिकता, प्रजननशक्ति, गतिशीलता, श्रम,सम्पत्ति तथा अन्य श्रोतसाधनमाथि पनि पूर्णतः पुरुषकै नियन्त्रण रहेको हुन्छ"(पाण्डे,२०६९,पृ.१३-१५) । पितृसत्ता र यसबाट निर्मित सामाजिकीकरणको प्रक्रियामा लैङ्गिक असमानता प्रबल रहेको हुन्छ ।

पितृसत्तात्मक समाजमा हरेक क्षेत्रमा महिलाको स्वतन्त्र निर्णय गर्ने अधिकारमाथि पुरुषले वर्चस्व जमाएको हुन्छ र उसलाई अधीनस्थ गरेको हुन्छ। पितृसत्तामा लैङ्गिक भेद, दमनको मात्रा र प्रकृति भिन्नभिन्न भए तापनि जुनसुकै स्थान, परिवेश र सन्दर्भमा पुरुष शक्तिसम्पन्न, पूर्ण र प्रधान बनेर प्रभुत्व जमाएर रहेको हुन्छ भने स्त्रीलाई गौण, पर ाश्रित, शक्तिविपन्न, अधीनस्थ र किनारीकृत अवस्थामा पछाडि पारिएको हुन्छ (भासिन,सन्१९९८,पृ.३-६) । पोसाक, खाना, शिक्षाजस्ता कुरामा छोरा र छोरीमा भेद गरिने परम्पराबाट पितृसत्ताको विकास भएको हो । पितृसत्तामा पुरुषको पतिरूप सबैभन्दा बढी हिंस्रक र कुरुप हुनेहुँदा लैङ्गिक भेदको चरम रुपमा देखा पऱ्यो । विवाहपछि महिलालाई पुरुषको सम्पत्तिका रूपमा हेरिनु, महिला पुरुषकै अधीनमा रहनुपर्छ भन्ने धारणा विकसित हुनु, पत्नीलाई कुट्नु, कार्यालयमा महिलामाथि यौनहिंसा हुनु, पैतृक सम्पत्तिमा महिलालाई वञ्चित गरिनुजस्ता कारणले लैङ्गिक भेदको प्रमुख आधार र कारक पितृसत्ता बनेको छ। यसरी पितृसत्ता भनेको पुरुष अधीनस्थ परिवार र समाज हो जहाँ महिलामाथि हिंसा, विभेद, दमन, उत्पीडन र अधिकारबाट वञ्चित गरिएको हुन्छ। सामाजिक, सांस्कृतिक निर्मितिका रूपमा रहेको पितृसत्तालाई यसरी संस्थागत गरिएको हुन्छ कि कुनै अवस्थामा दमन गर्नेलाई नै दमन गरेको थाहा हुँदैन ।

'उसको कथा'कथामा पितृसत्ता लैङ्गिक भेदको आधार र कारक बनेर आएको छ। नारी समस्यामा आधारित यस कथामा पुरुषको अधीनस्थताका कारण ऊ पात्रमाथि लैङ्गिक हिंसा, भेद, दमन, उत्पीडन र वञ्चितीकरणको अवस्था देखा परेको छ। यसलाई निम्नलिखित ढाँचामा अलगअलग उपशीर्षकमा तलका सन्दर्भमा विश्लेषण गरि एको छ।

## लैङ्गिक हिंसा

प्रस्तुत कथामा लैङ्गिक हिंसा जड समस्याका रूपमा रहेको छ। कथामा प्रमुख पात्रका रूपमा उपस्थित 'ऊ' महिला भएकै कारण लैङ्गिक हिंसामा परेकी छ। यस कथाकी नारी पात्र 'ऊ' पितृसत्ताको महŒवपूर्ण संस्था विवाहका कारण हिंसामा परेकी छे । पितृसत्तात्मक सामाजिक सांस्कृतिक मान्यताले 'ऊ' पात्र लैङ्गिक हिंसामा परेकी हो । महिलाहरू स्वतन्त्र रूपमा एक्लै बस्न सक्दैनन्, बस्नु हुँदैन, भन्ने पितृसत्ताको भाष्यले उसको मनमा जरा गाडेको छ। यही भाष्यलाई आत्मसातीकरण गरेकी 'ऊ' पात्रले स्वतन्त्र रूपमा स्वावलम्बी भएर बाँच्ने इच्छालाई परिवर्तन गरी दोस्रो विवाह गरेकी छ। 'ऊ' आफ्नै पतिबाट दोहोरो पीडा भोग्ने नारी हो। कथामा ऊ पात्रले महिला भएकै कारण महिल( ाबाट पनि हिंसा सहनु परेको छ। कथामा 'ऊ'पात्रले परिवार र समाजबाट मानसिक र शारीरिक दुवै किसिमको हिंसा भोग्नु परेको छ। ऊ शारीरिक हिंसाको सिकार आफ्नै पतिबाट भएकी छ भन्ने विषयको पुष्टि निम्न तथ्यले गरेको छ :

> "के रे मुख चलाउँछेस् अफ ? "एक्कासि उसको मुखबाट शब्द निस्कनका साथसाथै हातले पनि प्रहार गरिसकेको हुन्छ उसको गालामा, "बढ् बाठी भएर बोल्छेस् मेरो अघि ? कुनचाहिँ तेरो पोइले जबाफ दिन सिकायो तँलाई भन् त ?" उसले एक लात जमाएर दिएको हुन्छ उसको शरीरमा"(ठकुरी ,२०६८, पृ.८०) ।

पितृसत्तालाई टेवादिने सबैभन्दा महŒवपूर्ण निकायका रूपमा रहेको परिवारबाट पुरुष प्रधानताको पाठ सिकाइएको हुन्छ। विवाहजस्तो पितृसत्ताको संस्थाले विवाहपछि महिलालाई पुरुषको सम्पत्तिका रूपमा हेर्ने संस्कारले यहाँ'ऊ'पात्रलाई उसका पतिले कार्यस्थलमै पुगेर मानसिक र शारीरिक हिंसा भोग्न बाध्य बनाएको छ। यहाँ 'ऊ' पात्रको श्रीमान्ले शासकको भूमिका निर्वाह गरेको छ। ऊ हिंस्रक बनेर प्रस्तुत भएको छ। पारिश्रमिकका सम्बन्धमा पत्नीले

गरेको जायज कुरा उसलाई मान्य हुँदैन, त्यसैले ऊसले श्रीमान्को बात, लात र हात सबै एकसाथ निल्नु परेको छ, शारीरिक हिंसाको सिकार हुनुपरेको छ। पितृसत्ताले श्रीमान् मालिक हुन् भन्ने कुरा सिकाएको हुनाले ऊ पात्रले श्रीमान्को प्रहारलाई चुपचाप सहेकी छ। यहाँ श्रीमान् पात्रले पितृसत्ताले प्रदान गरेको प्रभुत्वको उपयोग गर्दै उसलाई अपमान र तिरष्कार गरेको छ। काम गर्ने ठाउँमा सबैको अगाडि दुर्वाच्यले संबोधन गरेको छ, कुटपिट गरेको छ। पुरुषलाई कानुनी रूपमा सबल, सक्षम, अधिकार प्राप्त अधिकारीका रूपमा पितृसत्ताले मान्यता प्रदान गरेको छ। तिनै पितृसत्ताका भाष्यका मिथकबाट 'ऊ' पात्र प्रशिक्षित भएकी हुनाले पतिले आफूमाथि हिंस्रक व्यवहार प्रदर्शन गरी शासकको भूमिका निर्वाह गरी प्रभुत्व जमाउँदा पनि चुपचाप सहेर बसेकी छ। कथामा 'ऊ'पात्रलाई सामाज र त्यस समाजका मूल्यमान्यताले पनि मानसिक पीडा भोग्न बाध्य बनाएका छन्। "कस्तो राम्रो अभिनय गरेकी होइन" ? मैले छेवैको सिटमा बसेको दिनेश भाइलाई भनेकी हुन्छु "अभिनय कहाँ हो र दिज्यू ? यो त उसको असली चरित्र हो। दिदीलाई थाहा छैन होला, यो त्यस्तै खालकी बिग्रिएकी आइमाई हो "(ऐ, पृ. ७८)। प्रस्तुत साक्ष्यमा कथाकी समाख्याता म पात्रले उसको अभिनय क्षमताको प्रशंसा गर्दा दिनेशले एउटा परिश्रमी तथा स्वावलम्बी महिलाको अभिनयकलालाई चरित्रसँग समन्वित गरी चरित्रहत्या गरेको छ। उसको कलाकारितालाई गलत ढङ्गले अर्थ्याएको छ। पितृसत्तात्मक सामन्तवादी सोंचका कारण 'ऊ' पात्रको जीवन्त अभिनयको सही मूल्याङ्कन भएको छैन। उसले गरेको अभिनयलाई अवमूल्यन गरी उसलाई चरित्रहीन नारीको आरोप लगाई अपमान गरेको छ।यस किसिमको चरित्रमाखोट देखाउने प्रवृतिले नेपाली समाजमा थुप्रै 'ऊ' जस्ता नारी पात्र मानसिक हिंसा र उत्पीडन भोग्न बाध्य भएका छन्। दिनेशजस्तो शिक्षित पात्रले नाक खुम्च्याउँदै 'ऊ'पात्रको अभिनय कलालाई परम्परित सङ्कुचित सोंचका आधारमा विश्लेषण गरी स्वाभिमानी र आत्मनिर्भर बन्न खोज्ने महिलालाई मानसिक हिंसाको सिकार बनाएको छ। पितृसत्तामा महिलाहरू पुरुषबाट मात्र नभएर महिलाबाट पनि हिंसा र उत्पीडन भोग्न बाध्य हुन्छन् भन्ने कुरा यस तथ्यबाट पुष्टि गरिएको छ :

> उसले मसँग कुरा गरिरहेको बेला अन्य कलाकारहरू कामले हो अथवा उसको सामीप्य नरूचाएर हो यत्रतत्र लागिसकेका हुन्छन्। यहाँ ऊ र म मात्र हुन्छौँ। उसले मसँग नै कुरा गरिरहेकाले मूक भएर उसका कुरा सुनिरहनुबाहेक अरू केही प्रतिक्रिया मबाट भएको हुँदैन ( ऐ, पृ ,७९)

प्रस्तुत कथांशमा 'ऊ' महिला हुनुकै कारण सामजिक बहिष्करणमा परेकी छ। समाजको आँखामा बिग्रिएकी र चरित्रहीन आइमाईका रूपमा चित्रित 'ऊ' पात्रले म पात्रसङ्ग कुरा गरिरहँदा अरूले उसका कुरालाई वास्ता नगरी यत्रतत्र छरिनुले ऊ पात्रप्रतिको अपमान, घृणा र तिरष्कारलाई पुष्टि गरेको छ। कथामा आएको यस प्रसङ्गले पितृसत्तामा महिलाको स्थान र अवस्थालाई बोध गराएको छ ,सामाजिक हिंसालाई प्रमाणित गरेको छ। कथामा पितृसत्ताका भाष्(यका कारण 'ऊ' पात्रका अनुभव र अनुभूतिलाई कसैले वास्तासमेत गरेका छैनन्।

**दमन**

जहाँ हिंसा हुन्छ ,त्यहाँ स्वाभाविक रूपमा दमन हुन्छ। प्रस्तुत कथामा पितृसत्ताको दमनमा कथाकी 'ऊ' पात्र परेकी छ। कथामा 'ऊ' पात्र केही काम नगर्ने आफ्नै पतिबाट दमित भएकी छ। 'ऊ' पात्र पिताको जिम्मेवारी पूरा नगर्ने स्वास्नीको कमाइ लुटेर जाँड, रक्सी खाने र जुवातास खेल्ने पतिबाट दमित भएकी छ, शोषणमा परेकी छ ऊ। पतिको अधीनमा र हनुपर्ने सामाजिक मूल्यमान्यता र संस्कारका कारण पतिबाट अधीनस्थ भएकी छ।कथामा पितृसत्तात्मक समाजमा पुरुष नै सर्वेसर्वा हो, उसको सहाराबिना कुनै पनि नारीको अस्तित्व रहँदैन भन्ने परम्परित, सङ्कुचित, सामाजिक सोंचका कारण 'ऊ' पात्र लैङ्गिक हिंसा र दनको सिकार भएकी छ। ऊ पात्र पहिलो पतिबाट दमित र तिरष्कृत भई एक्लो जीवन बाँच्न खोज्दा पितृसत्तात्मक सोंच, मूल्य र मान्यताले ग्रसित भई दोस्रो विवाह गर्न बाध्य भएकी छ र उसको दमित अवस्था कथामा यसरी प्रस्तुत भएको छ : " ऐया .. !"उसको मुखबाट त्यतिमात्र निस्कनुबाहेक अरु कुनै प्रकार

को प्रतिक्रिया भएको हुँदैन “भरे आउँदा पैसा लिएर आइनस् भने तेरो हाड पिंधेर धुलो बनाइन भने भन्लिस् !” ( ऐ ,पृ. ८०) प्रस्तुत साक्ष्यले पितृसत्तामा नारी पात्र पतिबाट शारीरिक, मानसिक र आर्थिक, भाषिक सबै रूपमा शोषित हुन्छन् भन्ने यथार्थ पुष्टि भएको छ । उसको पतिले सम्बोधन गरेको भाषाले पनि‘ऊ’ प्रतिको दमनलाई सङ्केत गरेको छ । उसलाई धम्कीपूर्ण भाषाको प्रयोग गर्न समाजले छुट दिएको छ । कथामा श्रीमतीलाई शारीरिक, मानसिक र आर्थिक शोषण गर्ने ‘ऊ’ पात्रको लोग्ने नेपाली समाजको दमनकारी पुरुषको प्रतिनिधि पात्र हो ।

**उत्पीडन**

प्रस्तुत कथामा उपस्थित दुवै पुरुष पात्रले उत्पीडकको भूमिका निर्वाह गरेका छन् भने ऊ पात्र उत्पीडित नार ीका रूपमा रहेकी छ । ऊ पात्रमाथि उसको श्रीमान्‌ले प्रभुत्व कायम गरेको छ र उसले पत्नीमाथि गरेको उत्पीडनको प्रसङ्ग यसरी व्यक्त भएको छ :

> “खै ले, चाँडै ले !” त्यस मानिसले मेरो उपस्थितितिर ध्यानै नदिएझैं गरेर ऊतिर हात बढाउँदै भनेको हुन्छ। “ भोलि मात्रै दिने रे ...!”उसले बिस्तारै भन्न खोजेकी मात्र के थिई “ के रे, भोलि मात्रै रे ... अनि आजको खर्चचाहिँ कुन तेरो बाउले दिने त ?आजै चाहिन्छ भनेर भन्न तेरो मुखमा बुजो लाएको थियो ?(ऐ, पृ.८०)

प्रस्तुत साक्ष्यले पुरुषप्रधान नेपाली समाजमा पुरुष (पति) ले नारीलाई कतिसम्म प्रताडित गर्न सक्छन् भन्ने विषयलाई पुष्टि गरेको छ । कथामा ‘ऊ’ पात्र पतिको क्रुर र हिंस्रक प्रवृतिबाट आघातित भएकी छ । तत्कालीन अर्धसामन्तवादी समाजमा प्रचलित मूल्यमान्यताका कारण पुरुषले हरेक कुरामा छुट पाउने कानुनी व्यवस्था हुँदा ‘ ऊ’ लैङ्गिक विभेदमा परेकी छ । पीडाका आँसु पिएर आत्मनिर्भर बन्न खोज्दा पनि आफ्नो परिश्रमबापत प्राप्त र कम भोगचलन गर्न पाएकी छैन । समाजमा प्रचलित पितृसत्तात्मक मूल्यमान्यताका कारण ‘ऊ’ पात्रको पतिले पत( नीले दुःखपूर्वक आर्जन गरेको पैसा कार्यस्थलमा पुगेर लुटेको छ । सामन्तवादी पितृसत्तात्मक समाजको नकारात्मक दृष्टिकोण, पतिको गैरजिम्मेवारीपन र कामको दोहोरो भूमिकाका कारण ‘ऊ’ पात्र उत्पीडित भएकी छ । कथामा ‘ऊ’ पात्रको पतिले आफूलाई शक्तिसम्पन्न प्रभुत्वशाली, बलवान् ठानेर पात्रलाई पीडा दिएको छ । यस साक्ष्यले विवाह भन्ने संस्थाले विवाहपछि श्रीमती श्रीमान्‌को अधीन र करबलमा रहनुपर्छ । उनीहरू श्रीमान्‌का आर्जित सम्पत्ति हुन् भन्ने मान्यताका कारण नारी पात्र उत्पीडनमा पर्ने विषयलाई पुष्टि गरेको छ । त्यसैले यस कथामा ‘ऊ’ पात्रले श्रीमतीको सबै अधिकार खोसेको छ जसको फलस्वरूप उसले शारीरिक र मानसिक दुबै किसिमको उत्पीडन भोगेकी छ । यहाँ ऊ पात्रले काखे बच्चासहित काममा खटिएकी श्रीमतीलाई त्यही पुगेर सबैको अगाडि दुर्वाच्यसहित लछारपछार गरेको घटनाले पितृसत्तामा महिलाहरू शक्तिकेन्द्रमा रहेका पुरुषबाट दमित भएको विषयलाई पुष्टि गरेको छ ।

पितृसत्तामा पुरुषबाट मात्र होइन महिलाबाट पनि महिलाहरू उत्पीडित हुन्छन् । प्रस्तुत कथामा सरलाको ’ऊ’ पात्रप्रतिको सङ्कुचित सोंच, विचार र व्यवहार यसरी प्रस्तुत भएको छ : “ देख्नुभयो नाटक, कस्तरी स्वादपाई... त्यस्ताले मात्र ठिक्क पार्न सक्छन् यस्ती आइमाईलाई ...! “ कतैबाट चियाएर हेरिरहेकी सरलाले एक्कासि मेरो छेउमा आएर मासुको स्वादलिएँझैं गरी भनेकी हुन्छे (ऐ, पृ.८०) ।प्रस्तुत कथांशले सरलाको पितृसत्तामा अभ्यन्तरित मानसिकताको उद्घाटन गरेको छ । ‘ऊ’ पतिबाट प्रताडित हुँदा उसलाई सहानुभूति प्रदान गर्नुको सट्टा घृणा र तिर ष्कार गरेकी छ । सरलाले समाजका आँखामा ‘ऊ’ पात्रलाई चरित्रहीन नारीका रूपमा पहिचान दिलाएकी छ । उसको मस्तिष्कमा जरा गाडेर रहेको पितृसत्ताका कारण ऊ पात्रलाई पतिले कार्यस्थलमै गई कुटपिट र गाली बेइज्जत गर्दा सर ला खुशी भएकी छ । उसले यस्ता चरित्रहीन आइमाईलाई यस्तै पीडा दिनुपर्छ र ठिक ठाउँमा आउँछन् भन्दछे । सरलाले उसले पतिबाट पिटाई खानु ठिक हो भन्ने मनशाय म पात्रसँग व्यक्त गरेकी छ । पितृसत्तात्मक समाजमा पुरुषद्वारा निर्मित भाष्यहरू पुरुष सापेक्षित हुन्छन् त्यसैले महिलालाई पुरुषका सेवक, दासी, कमजोर, भावावेगशून्य, इज्जत नभएका,

दोस्रो दर्जाका नागरिकका रूपमा पहिचान दिलाउने काममा महिलाहरू पनि सरिक भएका हुन्छन् भन्ने विषयलाई यस साक्ष्यले पुष्टि गरेको छ। कथामा परम्परित पितृसत्तालाई अन्धानुकरण गर्ने सरलाले महिला भएर पनि महिलाको पीडा, व्यथा र उत्पीडन बुझ्न सकेकी छैन ,पतिपात्रको उत्पीडक व्यवहारलाई समर्थन जनाएकी छ। समाजका आँखामा चरित्रहीन देखिएकी' 'ऊ' पात्रलाई सरलाले चारित्रिक कमजोरीका कारण उत्पीडन भोगेकी हो भन्दै 'ऊ' उत्पीडित हुँदा खुसी व्यक्त गरेकी छ। कथामा यस्ता आइमाईलाई ठिक पार्न यस्तै कुटपिट गर्ने मानिस आवश्यक पर्छ भन्ने सरला पितृसत्ताको पृष्ठपोषण गर्ने प्रतिनिधि पात्र हो।

**बञ्चितीकरण**

प्रस्तुत कथामा पितृसत्ताका कारण 'ऊ' पात्र आफ्नो अधिकारबाट वञ्चित भएकी छ। ऊ समाजले लगाउने लाञ्छनाबाट त्रसित छ। आफू रहेको समाजमा सुरक्षित देखिनको लागि लाछी र क्रुर लोग्नेको शोषण र उत्पीडन सहेकी छ। लैङ्गिक हिंसा र दमनका कारण संवेदनशील जीवन व्यतित गरेकी 'ऊ' पहिलो र दोस्रो दुवै लोग्नेबाट उत्पीडित छ। 'ऊ' आफ्ना सन्तानसहित स्वतन्त्र रूपमा बाँच्न खोज्दा अर्धसामन्ती समाजका मूल्यमान्यताका कारण स्वतन्त्र जीवन जिउन पाएकी छैन। उसले समाजका त्रासले अर्को विवाह गरेकी छ। यहाँ 'ऊ ' पात्रले स्वतन्त्रतापूर्वक आफ्नो जीवन जिउने अधिकारबाट वञ्चित भएको विषय यसरी व्यक्त गरेकी छ :

> त्यसले पनि अर्की आइमाईसँग लागेर हामीलाई हुनसम्म द्ःुख दियो र पछि कता बेपत्ता भयो कता। छोराछोरी लिएर एक्लै बसेकी पनि हुँ, तर काँ दिँदा रहेछन् र एक्लै बस्न। बसिखान दिएनन् ...। आफ्नो काम गरेर खाँदा पनि भन्नु नभन्नु भने मानिसहरूले मलाई (ऐ, पृ.८१ )।

प्रस्तुत साक्ष्यले नारी उत्पीडन र बञ्चितीकरणलाई प्रस्तुत गरेको छ। कथामा पितृसत्ताले 'ऊ' पात्रको मानसिकतामा आइमाईहरू एक्लै बस्नु हुँदैन, पतिको अधीनमा रहनुपर्छ र मात्र उनीहरू सुरक्षित हुन्छन् भन्ने धारणा भरि दिएको छ।उसले समाजलाई देखाउनको लागि अर्को विवाह गरेकी छ। पितृसत्ताको अधीनस्थताका कारण 'ऊ' पात्र एक्लै स्वतन्त्र भएर बस्न पाएकी छैन। समाजले उसलाई लाञ्छना लगाउने डरले ऊ त्रसित भई दोस्रो विवाह गरेकी हो। उसले समाजलाई देखाउन र अरूबाट सुरक्षित हुन दोस्रो विवाह गरेकी छ। जिम्मेवारहीन भएपनि उसको पतिले परिवारमा पिता र पतिको प्रभुत्व कायम गरेको छ। पत्नीलाई आफ्नो कमाइमा स्वतन्त्रतापूर्वक रमाउने अधिकारबाट समेत वञ्चित गरेको छ।

**नारीवाद**

लैङ्गिक अध्ययनको इतिहास नारीवादसँग सम्बन्धित छ। सन् १९६० पछि विकसित नारीवादले लैङ्गिक अध्ययन र भूमिकाको खोजी गर्ने काम गऱ्यो। महिलाहरूको सामाजिक र आर्थिक उत्थानमा जोड दिँदै लैङ्गिक रूपमा समता कायम गराउने र नारी अधिकारको वकालत गर्ने सैद्धान्तिक चिन्तन नारीवादहो। यसले पाठमा नारीलाई नारीकै दृष्टिकोणबाट अध्ययन तथा विश्लेषण गर्दछ। उत्तरआधुनिकतावादी बहुलताभित्र समेटिएको नारीवाद लैङ्गिक अध्ययनको केन्द्रीय सिद्धान्तका रूपमा परिचित छ। नारीलाई केन्द्रमा राखेर नारीका पक्षमा चिन्तनमनन गरी बोल्ने, लेख्ने महिलापक्षीय राजनीतिक विचारधाराका रूपमा नारीवाद परिचित छ। लैङ्गिक उत्पीडनको विरोध गर्दै समान अधिकार प्राप्तिका लागि आरम्भ भएको नारीवादले लैङ्गिक पहिचान स्थापित गरी वैचारिकता र लैङ्गिक शोषणका विरूद्ध प्रतिरोधको भावना स्थापित गर्छ। यो नारीमाथि हुने सबै प्रकारका शोषण र थिचोमिचोको विरूद्धमा छ। नारीवाद एउटा त्यस्तो बौद्धिक तथा व्यावहारिक आन्दोलन हो जो सामाजिक,सांस्कृतिक, साहित्यिक आदि अनेक क्षेत्रमा स्त्रीजातिको पक्षबाट बोल्छ जसमा ती विचार, विश्वास, आस्था र आन्दोलनहरू पर्दछन् जसबाट नारीको हितको विकासमा सघाउ पुग्छ भन्ने ठानिन्छ (गौतम,२०५९,पृ.३४) ।यसले नारीलाई दोस्रो दर्जाको नागरिकका रूपमा हेर्ने

पितृसत्तात्मक सोंच र व्यवहारको विरोध गर्दछ।

मेरीविल्सन क्राफ्ट, भर्जिनिया उल्फ, सिमोन द बुभायर, बेट्टी फ्रिडान, केट मिलेट, सोबाल्टर, जुलिया क्रिस्तेभा, बेलहुक्सजस्ता नारीवादीहरूले समान कामका लागि समान ज्याला, महिलाको दोहोरो जिम्मेवारी, मतार्( धकार, कामको अवसर, नागरिकता, राजनैतिक अधिकारजस्ता अधिकारवादी आन्दोलनको आरम्भ गरेपछि महिला र पुरुषबीचको लैङ्गिक भेद र उत्पीडनको अन्त्य एवम् समान अधिकारको मागसहित नारीवाद आन्दोलनका रूपमा अगाडि बढ्यो। सन् १९२९ मा भर्जिनिया उल्फले 'अ रूम अफवान्स ओन' लेखेपछि नारी स्वतन्त्रता र अस्तित्वका कुरा अगाडि आए भने सन् १९४९ मा फ्रान्सेली चिन्तक सिमोन द बुभुवारले 'द सेकेन्ड सेक्स' पुस्तकमा नारीलाई दोस्रो दर्जाको व्यवहार गरेको उल्लेख गरेपछि नारीका सम्बन्धमा संसारभरि गम्भीर ढङ्गले आवाज उठ्न थाल्यो। यही नार ीवादी चिन्तनबाट अनुप्राणित तथा विकसित सांस्कृतिक अध्ययनको नवीन अवधारणाका रूपमा लैङ्गिक अध्ययनले मान्यता प्राप्त गरेको हो।

समयको गतिशीलतामा सन् १९८० पछि नारीवादसँग सम्बन्धित चिन्तनमा पनि समयसापेक्ष  परिवर्तन देखा पऱ्यो। नारी पक्षीय नारीवादबाट सबै लिङ्गको अध्ययन गर्ने लैङ्गिक अध्ययनको परम्परा विकसित भयो र यसले नार ीको मात्रै नभएर पुरुष, नारी र तेस्रोलिङ्गीको समेत अध्ययन गर्न थालेपछि लैङ्गिक अध्ययनमा लैङ्गिक हिंसा, भेद, दमन र शोषणमा परेका सबै लिङ्गीको अध्ययन तथा विश्लेषण गर्ने परम्पराको विकास भयो। परम्परित विपरीतलिङ्गी मूल्यमान्यताहरू परिवर्तन हुँदै गए।

नारीवादले नारीमाथि हुने हिंसा, शरीर राजनीति, दमन र शोषणको विरोध गर्दछ र नारीलाई मुक्तिदिन र पुरुषसरह बनाउने समता र स्वतन्त्रताको पक्षमा उभ्याउन आवाज उठाउँदै आएको छ (भट्टराई,२०६८,पृ.२६४)। उदारवादी नारीवादबाट आरम्भ भएको नारीवादी अध्ययन अहिले समाजको आशा र सङ्कल्पको वैचारिक समुच्चय बनेको छ। समयको प्रवाहसँगै फ्रान्सेली राज्यक्रान्ति (सन् १७७८) बाट लैङ्गिक समानताको खोजी गर्ने उद्देश्यले आन्दोलनका रूपमा अगाडि बढेको नारीवादका उदारवादी नारीवाद, मार्क्सवादी नारीवाद, समाजवादी नारीवाद, उग्र नारीवाद, उत्तरसंरचनावादी नारीवाद, उत्तरआधुनिकतावादी नारीवाद, समाजवादी नारीवाद, मनोवैज्ञानिक नारीवाद, उत्तर वादी नारीवाद गरी विभिन्न प्रकार छन् तापनि यस लेखमा उदारवादी नारीवादका सापेक्षतामा कथाको विश्लेषण गरि एको छ।

'उसको कथा' कथाकी नारी पात्र ऊ पितृसत्तात्मक समाजका मूल्यमान्यताका कारण दमित र उत्पीडित भएकी छ। ऊ एकातिर सन्ततिप्रेमले समस्यामा परेकी छ भने अर्कोतर्फ लोग्नेको हिंस्रक तथा अमानवीय व्यवहारले सताइएकी छ। लेखमा लैङ्गिक समता र समानताको भावलाई केन्द्रमा राखेको नारीवादका लैङ्गिक भूमिका,  भेदका आधारमा कथाको विश्लेषण गरिएको छ :

**लैङ्गिक भूमिका र भेद**

कथामा प्रस्तुत गरिएका पात्रहरूको कार्य तथा सक्रियताबाट प्राप्त हुने उपलब्धि नै भूमिका हो। 'उसको कथा' कथामा उपस्थित पात्रहरूको भूमिकालाई हेर्दा ऊ पात्रले आर्थिक उपार्जन गर्ने, बालबच्चा जन्माउने,  हुर्काउने जड्याहा पतिलाई खर्च पुऱ्याउने दोहोरो, तेहेरो जिम्मेवारीको भूमिका निर्वाह गर्दाको पीडा कथामा यसरी छचल्किएको छ। कथामा ऊ पात्र अभिनयको काम गर्न जाँदापनि सन्तान बोकेर गएकी छ : "धेरै बेरपछि ऊ बच्चा बोकेर बिस्तारै पाइला चालेर भित्र पसेकी हुन्छे। त्यसबेला उसको हिडाइ देखेर लाग्दछ, मानौं कुनै अदृश्य शक्तिले मन्त्रद्वारा सम्मोहित ऊ हिंडिरहेकी छे सिथिल पाउ लिएर" (पृ.८२)। प्रस्तुत साक्ष्यानुसार 'ऊ' पात्र कार्यस्थलमा बिरामी सन्तान बोकेर पुगेकी छ। उसले परिवारको पूर्ण जिम्मेवारी एक्लै पूरा गरेकी छ।मातृत्वको अनुभूतिसँगै अभिनयकलाको कामपनि गरेकी

छ। यहाँ 'ऊ'पात्रको भूमिका अत्यन्त संवेदनशील अवस्थामा रहेको छ।उसको हिडाइ र शरीर देखेर'ऊ'भित्रको अव्यक्त पीडालाई म पात्रले अनुमान गरेकी छ। सिकिस्त बिरामी भएर तङ्ग्रिन लागेजस्तो शरीर लिएर कार्यस्थलमा पुगेकी ' ऊ' पात्र आफ्नो शक्तिले नभएर अदृश्य शक्तिको क्षमताले त्यहाँ पुऱ्याएको अनुमान म पात्रको छ। यस्तो अवस्थामा पनि जड्याहा उत्पीडक पतिको खर्च जुटाउन, सन्तानको जिम्मेवारी निभाउन र घर चलाउन ऊ कार्यस्थलमा पुगेकी छ। कथामा 'ऊ' पात्रको भूमिका अत्यन्त उदासीन र पीडायुक्त छ। पारिवारिक जिम्मेवारी बोध नगर्ने जुवा, तास र रक्सीमा भुल्ने उसको पतिले न पतिको जिम्मेवारी निर्वाह गर्न सकेको छ न पिताको। यस विषयमा 'ऊ' पात्रको धारणा यस्तो रहेको छ ः

> त्यो मेरो लोग्ने हो। हेर्नुस् न मोराले कस्तरी कुट्यो भने ई ... अहिलेसम्म पनि दुखीरा'को छ। कामसाम केही गर्दैन। जुवा खेल्नु र रक्सी धोक्नु त्यतिभए पुग्छ । हिजो निर्देशकज्यूसँग बीस रुपियाँ मागेर लगेर मात्रै आज त्यसको चिहान परेको छैन, नत्र ता अघि नै आइसक्थ्यो नि कोढी पापी ! आफू त रक्सी धोकेर पेट भर्छ, बिरामी बच्चाहरूलाई चाहिँ भोकभोकै डल्लाएर मार्न लागिसक्यो अधर्मीले (ऐ.पृ. ८१)।

प्रस्तुत कथांशमा 'ऊ'पात्रको श्रीमान्ले दमकको भूमिका निर्वाह गरेको छ। परिवार चलाउने, सन्तान हुर्काउने कार्यमा श्रीमतीसँग समान भूमिका रजिम्मेवारी वहन गर्नु त कताहो कता सन्तानलाई बिरामी अवस्थामा समेत वास्ता गर्दैन। उसका हरेक क्रियाकलाप अमानवीय छन्, दायित्वहीन छन्। उपर्युक्त कथांशका आधारमा यी पात्रका भूमिकालाई तुलनात्मक रूपमा विश्लेषण गर्दा लैङ्गिक भेद स्पष्ट रूपमा देखिएको छ र पनि 'ऊ' पात्रमा प्रतिरोधको भावना जागृत भएको छैन। तत्कालीन अर्धसामन्ती शासन व्यवस्थामा परम्परित पितृसत्ताका भाष्यले 'ऊ' पात्रको मस्तिष्कमा जरा गाडिसकेको छ। लोग्ने जस्तोसुकै भए पनि श्रीमतीले सहनुपर्छ, उसको छात्रछायामा रहनुपर्छ र माग पूरा गर्नुपर्छ भन्ने सोंचले 'ऊ' पात्र लोग्नेको अधीनमा रहेकी छ। यहाँ श्रीमान् र श्रीमतीको भूमिका सन्तुलित रूपमा निर्वाह भएको छैन। श्रीमान् भूमिकाहीन र कर्तव्यहीन हुँदा लैङ्गिक भेद देखा परेको छ। पारिवारिक जिम्मेवारीको साथै समाजको अगाडि सुरक्षित र संरक्षित रहन जड्याहा पतिलाई ग्रहण गर्दा 'ऊ' पात्रको जिम्मेवारी बढेको छ। त्यसैले 'ऊ' पात्रको पति पीडक, शासक, पितृसत्ताको वर्चस्वलाई कायम गर्ने प्रतिनिधि पात्र हो। उसका हरेक क्रियाकलाप लैङ्गिक भेदसँग सम्बन्धित छन्। यहाँ म पात्रले उसले जीवन जिउने क्रममा भोगेका हिंसा, पीडा, दमन, शोषण, भेद सबैलाई सूक्ष्म रूपमा मनन गरेकी छन्। यसरी नारीलाई केन्द्रमा राखेर नारी समस्यालाई विश्लेषण गरिएको यस कथामा नारीपक्षीय विचार धारा व्यक्त भएको छ पितृसत्ताले प्रदान गरेको लैङ्गिक भूमिका र भेदका कारण ऊ उत्पीडनमा परेकी छ।

**लैङ्गिक प्रतिनिधित्व**

प्रतिनिधित्वको अवधारणा अर्थ र भाषासँग सम्बन्धित हुन्छ। पाठले प्रस्तुत गर्ने अर्थको खोजीगर्दा प्रतिनिधित्वको विश्लेषण गरिन्छ। "साहित्यमा स्टुआर्ट हलले प्रतिनिधित्वलाई भाषाका माध्यमबाट गरिने अर्थको उत्पादन हो भनेका छन्। नारी, दलित, सीमान्तीकृत आदिको प्रतिनिधित्व पाठमा उनीहरूको निश्चित सन्दर्भहरू सहित हुन्छ र यसले उनीहरूको अवस्थालाई देखाउँछ" (गिरी, २०७०, पृ. २८)। साहित्यमा प्रतिनिधित्वको खोजी गर्दा किनारीकृत वर्गको उपस्थितिलाई विशेष रूपले हेरिन्छ। कुनै पनि कृतिमा उपस्थित पात्रले समाजका कुनै न कुनै लिङ्ग, वर्ग, जाति, समुदाय, धर्म आदिको प्रतिनिधित्व गरेका हुन्छन्।

> सांस्कृतिक सन्दर्भमा कुनै वर्ग, लिङ्ग, जाति, राष्ट्रियताको उपस्थिति साहित्यमा कसरी भएको छ भन्ने खोजी नै प्रतिनिधित्व हो। साहित्यमा प्रतिनिधित्वको खोजी पछि परेको समुदाय (निम्नवर्ग, महिला, जनजाति, दलित) आदि वा अल्पसङ्ख्यक समूहका माध्यमबाट हुन सक्छ। साहित्यमा उपस्थित चरित्रबाट नै प्रतिनिधित्वको खोजी गर्ने कार्य सम्भव हुन्छ (भट्टराई, २०७०, पृ. ३३६)।

साहित्यमा प्रतिनिधित्वले सामाजिक जीवन सापेक्ष मानवीय आचार र प्रवृतिलाई सङ्केत गर्दछ । यो र ाजनीतिक निर्मिति हो । राजनीतिमा प्रतिनिधित्व भनेको महिला, जाति, जनजाति, दलित, फरक क्षमता भएका पात्र, तेस्रोलिङ्गी लगायत अल्पसङ्ख्यक पात्रको उपस्थिति हो भने लैङ्गिक प्रतिनिधित्व भनेको लैङ्गिक दृष्टिले तिनको उपस्थिति र भूमिका हो । "नारीवादी चिन्तक तथा सबाल्टर्न अध्येता गायत्री चक्रवर्ती स्पिभाकले सीमान्तीकृत वर्गले आफ्नो प्रतिनिधित्व आफै गर्न नसक्ने हुँदा बौद्धिक वर्गले भाषाका माध्यमबाट उनीहरूको प्रतिनिधित्व गर्नुपर्छ" (उप्रेती, २०६८, पृ.) भन्ने तर्क गरेकी छन् । उनले समाजमा लैङ्गिक भेदका कारण नारीहरू किनारामापुऱ्याइएकाहुनाले उनीहरू निरीह र आवाजविहीन हुन्छन्, त्यसैले उनीहरूको प्रतिनिधित्व अवस्थालाई बुद्धिजीवी वर्गले भाषाका माध्यमबाट अभिव्यक्त गरिदिनु पर्ने विषयको उठान गरेकी छन् । साहित्यमा लैङ्गिक प्रतिनिधित्वको अध्ययन गर्दा उपस्थित पात्रले पाठमा कुन लिङ्गको कसरी प्रतिनिधित्व गरेको छ, उसको भूमिका र सम्बन्ध कस्तो छ भन्ने कुराको खोजी गरिन्छ ।

प्रस्तुत कथा नारी समस्यामा केन्द्रित कथा हो । कथामा उपस्थित पुरुष पात्रहरू उसको श्रीमान्, दिनेश र निर्देशक तीनै जनाले पुरुषप्रधान नेपाली समाजका उत्पीडक पात्रको प्रतिनिधित्व गरेका छन् । उसको श्रीमान्ले लैङ्गिक हिंसा, दमन, शोषण गरी उत्पीडक बनेको छ भने दिनेशले 'ऊ' पात्रको अभिनय कलालाई सक्कली रूपको आरोपमा चरित्रहत्या गरी मानसिक पीडा दिएको छ । निर्देशकले उसको शरीरलाई बढी पैसा तिरी कमोडिटी बनाएर प्रदर्शन गर्न लगाएको छ । कथामा उपस्थित नारी पात्र सरला परम्परित,सङ्कुचित पितृसत्ताको सोंचबाट ग्रसित छ । ऊ तत्कालीन नेपाली समाजमा चेतनाको स्तर न्यून भएका नारीहरूको प्रतिनिधित्व गर्ने परपीडक पात्रहो । कथामा सरलाले नारी भएर पनि नारीको समस्या नबुझ्ने पितृसत्ताको पृष्ठपोषण गर्ने नारीपीडक चरित्रको प्रतिनिधित्व गरेकी छ । ऊ पात्रको पीडामा खुसी मनाउने सरला पितृसत्तात्मक समाजमा त्यसको सञ्चालक बन्ने महिलाहरूकी प्रतिनिधि चरित्र हो । "उसको बाउ सिकर्मी थियो रे । उसकी आमा मरेपछि बाउले कान्छी स्वास्नी ल्याएको अनि उसको भाइ सानैमा बेपत्ता भएको, उसकी बहिनीचाहिं एउटा दुईओटी स्वास्नी भएको ट्रक, ड्राइभरसँग पोइला गएकी रे । " यसले पनि त दुईवटा पोइ फेरिसकी" (पृ.७८ -७९ ) ।

प्रस्तुत कथांशमा 'ऊ' पात्रको चरित्रलाई परिवारका अन्य सदस्यका चारित्रिक क्रियाकलापसँग जोडेर घृणा र तिरष्कार भएको छ । स्वावलम्बी बन्न अभिनय कलामा सरिक भएकी 'ऊ' पात्रलाई चरित्रहीन महिलाको अभियोग लगाइएको छ । त्यसैले 'ऊ' तत्कालीन नेपाली समाजमा उपेक्षित नारीहरूको प्रतिनिधि चरित्र हो । कथामा ऊ केन्द्रीय भूमिका निर्वाह गर्ने साक्षर तर निम्नवर्गीय घरेलु कामदारको प्रतिनिधित्व गर्ने पात्र पनि हो । पितृसत्ताको शोषणले डसिएर, थिचिएर र मिचिएर लैङ्गिक समता र समानता प्राप्त गर्न नसकेका नारीहरूकी प्रतिनिधि पात्र हो । स्वावलम्बी हुन खोज्दा चरित्रहीन र पतित नारीको सङ्ज्ञा पाउने प्रतिनिधि चरित्र हो । पितृसत्तात्मक समाजमा सामाजिक सुरक्षा र संरक्षणको अनुभूतिको लागि र बच्चाले बाबुको माया पाउने लोभमा आत्मनिर्भर भएर पनि एक्लै बस्न नसकेकी र नप( ाएकी अर्को विवाह गरी पुन :पुरुषको उत्पीडनको सिकार बन्न बाध्य भएकी नारी पात्र हो । कथामा दास्रो विवाहपछिको बाध्यता र अधीनस्थतालाई 'ऊ' पात्रले यसरी व्यक्त गरेकी छ :

> बच्चाहरूले पनि बाउ भन्न पाउनेछन् भनी यससँग आएँ, यो त झन् राक्षस पो रहेछ ... । एक दिन तास खेल्न र रक्सी खान पाएन भने मलाई त के बच्चाहरूलाई समेत थला पर्ने गरेर चुट्छ । के गरूँ मरूँ भने पनि बच्चाहरूको मुख झलझली आँखा अगाडि नाच्छ ...( ऐ.पृ .८१) ।

प्रस्तुत साक्ष्यले एउटा लोग्नेबाट धोका पाएपछि अर्को पुरुषको सहारा खोज्दा उसको दुर्वचन र दुर्व्यहार सहन बाध्य हुनु एकातिर चरम गरिबी र अर्कोतिर बलियो पितृसत्ताको कारण हो । यसरी 'उ' पात्र लैङ्गिक हिंसा र शोषणलाई नियतिका रूपमा स्वीकार गर्ने पात्रहो । पितृसत्ताका मूल्यमान्यता र परम्परित सामन्तवादी समाजमा निर्मित भाष्यका

कारण पीडित र कुण्ठित नारीहरूको प्रतिनिधि चरित्र हो । परम्परित, सहनशील, दमित, पतिभक्त, पुरुषमा आश्रित महिलाकी प्रतिनिधि पात्र हो । मातृत्वका कारण जीवनबाट पलायन हुन नसकेकी पात्रहो लैङ्गिक उत्पीडनप्रति प्रतिरोध गर्न नसक्ने परम्परित सोंच भएकी पात्र हो ।

कथामा 'ऊ' पात्रको पतिले पितृसत्तात्मक समाजको दमनकारी पुरुषको प्रतिनिधित्व गरेको छ। "भरे आउँदा पैसा लिएर आइनस् भने तेरो हाड पिंधेर धुलो बनाइन भने भन्लिस् " (ऐ,पृ.८०) । कथामा पतिले पत्नीमाथि प्रभुत्व जमाएको छ। ऊसले दमक, शोषक र उत्पीडक वर्गको प्रतिनिधित्व गरेको छ। यो नारीप्रति सकारात्मक सोंच नभएको पात्र हो, पितृसत्ताको उपज हो, श्रीमतीलाई आदर र सम्मान दिन नसक्ने असभ्य, अमानवीय, अशिक्षित र परम्परित सामन्तवादी सोंच भएका पुरुषहरूको प्रतिनिधि चरित्र हो ।

**पहिचान**

प्रतिनिधित्वसँग पहिचानको पनि समन्वित हुन्छ । पहिचानको प्रश्न लिङ्ग, वर्ग, जाति, धर्म, भाषाजस्ता विविध विषयमा आधारित हुन्छ। पहिचान व्यक्ति, समुदाय, लिङ्ग, जाति, आदिको स्वतन्त्रतासँग सम्बन्धित राजनैतिक अवधारणा हो ।

> व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्यका साथै उसले बोल्ने भाषा, उसले अपनाएको व्यवसाय र उसका सम्बन्धहरूबाट निर्क्योल गरिन्छ । एक समग्र राजनैतिक एवं सांस्कृतिक संरचनाभित्र पहिचानहरू कसरी बन्दछन् र परिवर्तन हुन्छन् । यसमा के कस्ता तत्त्वहरूले भूमिका सम्पादन गर्छन्, पहिचानका निम्ति के कस्ता प्रयत्नहरू गरिन्छन्, वर्चस्वकारी शक्तिले पहिचानलाई कसरी प्रभावित गर्छ जस्ता कुराहरू पहिचानको सांस्कृतिक अध्ययनमा आउँछन् ( सुवेदी, २०७०, पृ.३१ ) ।

यस अन्तर्गत समाजका लिङ्ग, जाति, वर्ग, व्यक्ति, कति उत्पीडित वा स्वतन्त्र छन् भन्ने कुराको अध्ययन गरिन्छ। पाठमा पात्रलाई प्रतिनिधित्व गराउनु ठुलो कुरा होइन, त्यसलाई कसरी कुन स्तरको पहिचान दिलाइएको छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। पाठमा पात्रप्रति रहेको लेखकीय दृष्टिकोण अवलोकन पनि उसको पहिचानका माध्यमबाट गरिन्छ। पाठमा प्रतिनिधित्व गराइएका लिङ्ग, जाति, वर्ग र भूगोलका आधारमा पहिचानको खोजी गरिन्छ। लैङ्गिक अध्ययनमा मूलत : समाजले नारी र पुरुषलाई प्रदान गरेको परम्परागत र नवीन पहिचानको खोजी गरी विश्लेषण गरिन्छ । त्यसैले लैङ्गिक अध्ययनमा लैङ्गिक प्रतिनिधित्वका माध्यमबाट पहिचानको खोजी गरिन्छ। चरित्रले पाठमा निर्वाह गर्ने भूमिकाका आधारमा उसको पहिचान निर्माण हुन्छ। लैङ्गिक अध्ययनका सन्दर्भमा साहित्यिक पाठमा पात्रको पहिचान समय सान्दर्भिक छ वा परम्परित अवस्थामा नै छ त्यसको विश्लेषण गरिन्छ।

कथाका पात्रहरूमध्ये प्रमुख पात्रका रूपमा उपस्थित 'ऊ' पात्र पितृसत्तात्मक नेपाली समाजमा बाध्य भएर हिंसा, उत्पीडन, दमन र शोषण सहने निम्नवर्गीय नेपाली नारीको पहिचान बोकेकी पात्र हो । कथामा 'ऊ' पात्रलाई पितृसत्ताले चरित्रहीन, पतीत नारीका रूपमा पहिचान दिलाएको छ । अत्यन्त सहनशील तर कमजोर, दमित पात्र 'ऊ' परम्परित पहिचानलाई आत्मसात् गर्ने उत्पीडित महिलाहरूकी प्रतिनिधि पात्र हो। समाजले लगाउन सक्ने कथित लाञ्छनाबाट त्रसित 'ऊ' पात्र देखाउनको लागि उत्पीडक पतिलाई आत्मसात् गर्छे। पितृसत्तात्मक नेपाली समाजमा सामजिक सुरक्षा कबचका निम्ति अपनाइएको उसको पतिले ऊमाथि जबर्जस्ती हक जमाएको छ, प्रभुत्व कायम गरेको छ, मुख, हात, लात छाड्ने मात्र होइन, उसको पारिश्रमिक समेत लुटेर उत्पीडित बनाएको छ। यसको पुष्टि तलको तथ्यबाट भएको छ :"ढोकामा त्यही मानिस राता आँखा पारेर ओंठ टोक्दै उभिएको हुन्छ। त्यस मानिसको छेउँमा पुग्नासाथ त्यसले प्राय ! झम्टेझैं गरेर त्यस आइमाईको हातमा भएको पैसाको खाम लिएर बच्चालाई मानौं हुत्याएको झैँ गरी उसलाई दिएर बाहिरिएको हुन्छ"( ऐ,पृ.८३) ।

नाटक  प्रदर्शनको अन्तिम दिन उसले पुरस्कार र पारिश्रमिक लिएर बाहिर निस्कन खोज्दा ‘ऊ’ पात्र आफ्नै पतिबाट उत्पीडित भएकी छ। दोहोरो भूमिका निर्वाह गर्दै अभिनय कलामा सरिक ’ऊ’ पात्र रक्षक बनिदिने आशा गरेर अपनाएको पुरुष (पति) पात्रबाट दमित हुन्छे। ‘ऊ’ पात्रको पति भक्षक बनेको छ। बिरामी बच्चाप्रति जिम्मेवार नभएको उसको लोग्नेले पुत्रवियोगमा सान्त्वना दिन सकेको  छैन।

छोरो मर्दाकै दिन लोग्नेको पैसाको माग पूरा गर्नका लागि अभिनय कलामा सरिक भएकी ऊ पात्र पुरस्कृत हुँदा हाँस्न सकेकी छैन र पुत्रवियोगमा दिल खोलेर रुन पाएकी छैन। यहाँ ‘ऊ’ पात्रले आफ्ना पीडाका अश्रुलाई नयनभित्रै सुकाएर समाजबाट तिरष्कृत हुँदै गरेको अभिनय कलाको पारिश्रमिक लिएर घर पुग्न नपाउँदै श्रीमान्ले बाटैबाट झम्टेर लैजानु दमनको चरम रुप हो, शोषणको पराकाष्ठा हो। यो पितृसत्ताका कारण भएको महिलाको उत्पादन तथा श्रम शक्तिमाथिको नियन्त्रण हो। त्यसैले ऊ पात्र प्रतिरोधको भावना नभएकी पीडित महिलाको पहिचान बोकेर बाँचेकी पात्र हो।

कथामा पुरातनवादी सोंचबाट परिवर्तन हुन नसकेकी महिला भएर महिलाकै पीडा, व्यथा नबुझ्ने उत्पीडक तथा पितृसत्तात्मक मूल्य, मान्यतालाई निरन्तरता दिने यथास्थितिवादी पात्रको पहिचान सरलाले निर्माण गरेकी छ। तत्कालीन नेपाली समाजमा विद्यमान अर्धसामन्तवादी संस्कारको उपजका रूपमा सरला रहेकी छ। कथामा दमनकारी पुरुषको पहिचान ऊ पात्रको श्रीमान्ले निर्माण गरेको छ। ऊ नारीप्रति सकारात्मक सोंच नभएको अशिक्षित, अल्लारे, हिंस्रक, अव्यवहारिक र भूमिकाहीन पात्र हो। यस कथामा उपस्थित शिक्षित उच्चवर्गीय पात्र दिनेश नारीप्रति सङ्कीर्ण विचारधारा राख्ने पितृसत्ताको उपज बनेको छ।

### ५. निष्कर्ष

‘उसको कथा’कथा पितृसत्तात्मक समाजले नारीमाथि गर्ने लैङ्गिक हिंसा, भेद,उत्पीडन र शोषणको चित्रण गरिएको कथा हो। यस कथामा कथाकारले नारी केन्द्रित भई पितृसत्तात्मक समाजमा नारीले शारीरिक, मानसिक, आर्थिक, सामाजिक उत्पीडन भोग्नुपरेको यथार्थलाई नारीवादी विचारधाराका माध्यमबाट प्रस्तुत गरेकी छन्। कथामा पितृसत्तात्मक संरचना नै नारी उत्पीडनको प्रमुख कारक बनेर आएको छ। कथामा नारीमाथि हुने उत्पीडनका विविध स्वरूपलाई उद्घाटन गर्ने क्रममा नारी पनि नारीको उत्पीडक बनेर आएको सन्दर्भलाई संयोजन गरिएको छ। तत्क( ालीन पितृसत्तात्मक नेपाली समाजमा नारीप्रति सकारात्मक सोंच जागृत हुन नसकेको समता र समानताका भावहरू समाजको गर्भमै लुकेर रहेको यथार्थ कथामा अभिव्यक्त भएको छ। नारीको संघर्षशील, स्वाभिमानी र स्वावलम्बी चरित्रलाई सम्मान र प्रशंसा गर्न नसकिएको यस कथामा कथाकारले नारीलाई कागजी सम्मान होइन, व्यावहारिक सम्मानको खाँचो छ भन्ने कुरालाई सङ्केत गरेकी छन्। कथामा ‘ऊ’ पात्रले उत्पीडित नारी वर्गको प्रतिनिधित्व गरेकी छ भने उसको पतिले उत्पीडक वर्गको प्रतिनिधित्व गरेको छ।अशिक्षित तथा निम्नवर्गीय ऊ पात्र, पितृसत्ताको वर्चस्व र प्रभुत्वद्वारा हिंसामा परेकी छ तर उसमा प्रतिरोधको चेतना देखिँदैन।कथाामा समाज पूर्ण रूपमा पितृप्रधान हुनु, शक्तिको केन्द्रमा पुरुष रहनु, नारी आर्थिक दृष्टिले कमजोर भएको अवस्थामा नेपाली नारीको यथार्थ योभन्दा फरक हुन सक्दैन भन्ने यथार्थ प्रस्तुत भएको छ। पितृसत्तात्मक समाजमा नारीहरू सम्पन्न होऊन् वा शिक्षित होऊन् वा गृहणी, ती सबै पुरुषको प्रभुत्वले अधीनस्थ छन्, व्यवस्थाले थिचिएका छन्, लैङ्गिक भेदले उत्पीडित छन्, अधिकारबाट वञ्चित छन्, पितृसत्ताका कारण पुरातनवादी सोंचबाट ग्रसित छन्, उत्पीडित नारीको पहिचान बोकेर बाँचेका छन् भन्ने निष्कर्षलाई उसको कथा कथाकी प्रमुख पात्रको जीवनभोगाइको विश्लेषणले प्रमाणित गरेको छ। यसरी ’उसको कथा’ कथालाई पितृसत्ता, नारीवाद, प्रतिनिधित्व र पहिचानका दृष्टिले मूल्याङ्कन गर्दा यो कथा तत्कालीन समाजमा विद्यमान लैङ्गिक उत्पीडनको यथार्थ प्रस्तुति हो। कथामा नारीले नारीलाई केन्द्रमा राखेर समता र समानताको अपेक्षा गर्न परम्परित

मानसिकतामा परिवर्तन ल्याउनुपर्छ भन्ने यथार्थ अभिव्यञ्जित भएको छ । समाख्याताले ऊ पात्रको जीवन भोगाइका माध्यमबाट पितृसत्ताको प्रभुत्व, लैङ्गिक हिंसा ,भेद, दमन, उत्पीडन, प्रस्तुत गरेकी छन् । कथामा उपस्थित पात्रको प्रतिनिधित्व र पहिचानका आधारमा विमर्श गर्दा प्रमुख नारी पात्रले उत्पीडित र दमित नारीको प्रतिनिधित्व गर्दै पहिचान गुमाएर रहेकी छ भने पुरूष पात्र सत्ताको केन्द्रमा रही उत्पीडकको पहिचान बोकेर बाँच्ने पुरूष पात्रको पतिनिधि बनेको छ । कथामा लेखकीय विचारधारा नारीमैत्री रहेको निष्कर्ष अभिव्यञ्जित भएको छ ।

**सन्दर्भ सामग्री**


उप्रेती, सञ्जीव (२०६८) ,*सिद्धान्तका कुरा* (चौथो संस्क.), काठमाडौं : अक्षर क्रियसन्स, नेपाल ।

खनाल, राजेन्द्र (२०७१) , 'नेपाली उपन्यासमा लैङ्गिक चेतना', अप्रकाशित विद्यावारिधि शोधपत्र शिक्षाशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

गिरी, अमर (२०७०) ,'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा', *भृकुटी,* सांस्कृतिक अध्ययनविशेषाङ्क, भाग १७ )काठमाडौँ : भृकुटी पब्लिकेसन्स, पृष्ठ १६ - ४६ ।

गिरी, अमर(२०७७),'नारीवाद, नारीवादी आन्दोलन र साहित्य चिन्तन'.*भृकुटी,* नारीवाद विशेषाङ्क (भाग २३) काठमाडौँ : भृकुटी पब्लिकेसन्स, पृष्ठ ११-३५ ।

गौतम, कृष्णप्रसाद (२०५९) .*आधुनिक आलोचना : अनेक रुप अनेक पठन* (दोस्रो संस्क.), काठमाडौँ : साझा प्रकाशन ।

गौतम, देवीप्रसाद र घिमिरे, कृष्णप्रसाद (सम्पा.) (२०६८), *आधुनिक नेपाली कथा भाग ३*, (दोस्रो संस्क.), काठमाडौँ :साझा प्रकाशन ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी ज्ञानु (२०६९), *नेपाली कथाको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, भगवती ( २०६७ ),'माया ठकुरीका कथामा प्रमुख नारी पात्रको अध्ययन', अप्रकाशित स्नातकोत्तर शोधपत्र, पशुपति बहमुखी क्याम्पस ।

पाण्डे, ज्ञानु (२०६९),*नेपाली उपन्यासमा लैंङ्गिकता,* काठमाडौं :नेपाल प्रज्ञा-प्रतिष्ठान ।

भट्टराई, रमेशप्रसाद (२०६८),'लैङ्गिक समालोचना',*रत्न बृहत् समालोचना* (सैद्धान्तिक खण्ड ).राजेन्द्र सुबेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.), काठमाडौँ : रत्नपुस्तक भण्डार, पृ.२५९ - २७३ ।

भट्टराई, रमेशप्रसाद (२०७७), *सांस्कृतिक (वर्गीय, लैङ्गिक र जातीय ) अध्ययनको सिद्धान्त र नेपाली सन्दर्भ,* काठमाडौं :भुँडीपुराण प्रकाशन ।

भट्टराई, रमेशप्रसाद(२०७०) ,.'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्तहरू'.*भृकुटी* (भाग १७ ), पृ.३३४-३६५ ।

शर्मा, हरिप्रसाद (२०६७) .*कथाको सिद्धान्त र विवेचना,* (दोस्रो संस्क.), काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०७५) .*प्रज्ञा आधुनिक कथाकोश,* काठमाडौं :नेपाल प्रज्ञा - प्रतिष्ठान ।

Barker, C. (2003). *Cultural Studies: Theory and Practice* (4th Ed.). London: Sage.

Bhasin, Kamala (1998). what is patriarchy? ((2ndEd.) .New Delhi : Kali for women.

Butler, Judith (1990). *Gender Trouble: Feminism and the Subversion of Identity*. New York: Routledge.

Butler, Judith, and Elizabeth Weed (2011). "Introduction" in Butler, Judith, and Elizabeth Weed, eds. *The question of gender: Joan W. Scott's critical feminism* (pp 1-8). Vol. 4. Indiana University Press.

Oakley, A. (1985). *Sex, gender and society*. Revised Edition, Aldershot, England: Gower Publishing Company Limited.

Pilcher, J. and Whelehan, I. (2004). Fifty Key Concepts in Gender Studies. London: Sage.